# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/८२

## लोक सेवा/शिक्षक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/२६)*

मरिण गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका इच्छुक व्यक्तिहरुका लागि सङ्घीय लोक सेवा आयोग अन्तर्गत **खरिदार/नायव सुब्बा** तथा प्रदेश लोक सेवा आयोग अन्तर्गत **चौथो/पाँचौ तह** (अप्राविधिक) र शिक्षक सेवा आयोग अन्तर्गत **प्राथमिक तह तृतीय श्रेणीको** ४५ दिने निःशुल्क तयारी कक्षा सञ्चालन हुने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले तपसिल बमोजिमका कागजात सहित १५ दिन भित्र यस कार्यालयमा रित पूर्वक दरखास्त पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ । सहभागी छनौटमा महिला, जनजाति, दलित, अपाङ्गता लगायत विपन्न वर्गलाई विशेष ग्राहयता दिइनेछ । सहभागी छनौट सम्बन्धी विवरण कक्षा सञ्चालनको मिति, समय र स्थान सहितको सूचना पछि प्रकाशन गरिनेछ ।

<u>तपसिल</u>

- निवेदन
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताः- खरिदार/चौथो तहको लागि SLC/SEE उत्तीर्ण,<br>नायव सुब्बा/पाँचौं तह/प्रा.शि तृतीयको लागि १०+२ वा सो सरह उत्तीर्ण
- उमेरः- महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

०८१/७/२६

विकास सुन्दास<br>प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः- दरखास्त फाराम यस कार्यालयको वेभसाइट www.marinmun.gov.np मा प्राप्त गर्न सकिनेछ साथै दरखास्त फाराम भरी यस गाउँपालिकाको E-mail:-maringapa.sindhuli@gmail.com मा बुझाउन सकिनेछ ।*